जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २२४ २०८२ साल चैत २७ गते शुक्रबार (10 Apr 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'टेलिकम प्याकेज' सकिएपछि ... ३ पृष्ठमा : सवारी चालक अनुमतिपत्र ... ३ पृष्ठमा : मध्यपूर्व युद्ध : तनाव, ...

## श्रम मन्त्री दीपक साह पदमुक्त, स्वास्थ्यमन्त्री निशा मेहतालाई प्रधानमन्त्रीले गराए सचेत

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

प्रधानमन्त्री बालेन्द्र शाहले श्रम, रोजगार तथा सामाजिक सुरक्षाममन्त्री दीपककुमार साहलाई पदमुक्त गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सिफारिसमा प्रधानमन्त्री शाहले मन्त्री साहलाई पदमुक्त गरेका हुन्।

यसअघि, रास्वपा सभापति रवि लामिछानेले साहलाई पदमुक्त गर्नका लागि प्रधानमन्त्रीलाई पत्र पठाएका थिए। पत्रमा, 'श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय दीपक कुमार साहले मन्त्रीमा बहाल रहँदा पदीय मर्यादाको दुरुपयोग गरी श्रीमतीलाई लामो समयदेखि निष्क्रिय राखिएको स्वास्थ्य बिमा बोर्डको सदस्यमा नियमित गराउने कार्य गरेको व्यहोरा पार्टीको केन्द्रीय अनुशासन आयोगको अध्ययनबाट देखिएको र आयोगबाट आवश्यक कारबाहीको लागि मिति २०८२ चैत्र २५ गते पत्र प्राप्त भएको जानकारी गराउँदछु। यसबाट पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउने देखिएको छ।' उल्लेख छ।



पत्रमा थप भनिएको छ, 'पार्टी विधानको धारा २५ (४) (क) ले पार्टी सभापतिलाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामाथि आँच आउन नदिन जिम्मेवारी सुम्पेको र पदको दुरुपयोग भएको अवस्थामा विधानको धारा ६९ मा पार्टीले जिम्मेवारीबाट फिर्ता बोलाउन सक्ने व्यवस्था भएकोले निज माननीय मन्त्रीलाई जिम्मेवारीबाट अलग गर्न साथै यस्तो गम्भीर विषयमा आफ्नो जिम्मेवारीमा अपेक्षित गाम्भीर्यता नदेखिएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय निशा मेहतालाई सचेत गराउन सिफारिस गर्दछु।'

यस्तै प्रधानमन्त्री बालेन्द्र शाहले स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहतालाई सचेत गराएका छन्। श्रममन्त्री दीपककुमार साहले आफ्नी श्रीमतीलाई स्वास्थ्य बिमा बोर्डमा नियुक्ति दिँदा विभागीय मन्त्रीले ध्यान नपुऱ्याएको भन्दै रास्वपा सभापति रवि लामिछानेको सिफारिसमा प्रधानमन्त्री बालेनले सचेत गराएका हुन्।

सभापतिको सिफारिसमा मन्त्रीलाई सचेत गराएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। "यस्तो गम्भीर विषयमा आफ्नो जिम्मेवारीमा अपेक्षित गाम्भीर्यता नदेखिएकाले स्वास्थ्य तथा जनसंख्यामन्त्री माननीय निशा मेहतालाई सचेत गराउन सिफारिस गर्दछु," पत्रमा भनिएको छ।

## कपडा पसलमा आगलागि हुँदा तीन लाख बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित एक कपडा पसलमा आगलागी हुँदा तीन लाख बराबरको क्षति भएको छ।

गाउँपालिकाको वडा नं. ६ कोचाबखारीमा बुधबार राति आगलागी हुँदा स्थानिय २७ वर्षीया मिना साहले घर अगाडि काठको गुन्तीमा सञ्चालन गरेका कपडा पसलमा अचानक आगलागी हुँदा सो मुल्य बराबरको क्षति भएको हो।

आगलागीबाट साहको कपडा पसल पूर्णरुपमा जलेर नष्ट भएको छ भने पसलभित्र रहेका लत्ता कपडा, ब्युटी पार्लरका सामान तथा एक थान सिलाइ मेसिनसहित करिब तीन लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

## ओली र लेखक हाजिर जमानीमा रिहा

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ चैत ।**

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई हाजिर जमानीमा रिहा भएका छन्। सर्वोच्च अदालतको आदेश अनुसार दुवैलाई छाड्ने निर्णय भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवनकुमार भट्टराईले जानकारी दिए।

पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली १३ दिनपछि प्रहरी नियन्त्रणबाट रिहा भएका हुन्। जिल्ला प्रहरी परिसर काठमाडौंले उनलाई त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमै आफन्तको जिम्मा लगाइएको जनाएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवनकुमार भट्टराईका अनुसार उनको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै अस्पतालमै परिवारको जिम्मा लगाउने निर्णय गरिएको हो। अबको थप निर्णय



चिकित्सकको सल्लाह र स्वास्थ्य अवस्थाको मूल्यांकनपछि हुने प्रहरीले जनाएको छ।

जेनजी आन्दोलनमा दमन गर्न आदेश दिएको आरोपमा प्रहरीले उनलाई चैत १४ गते गुण्डुस्थित निवासबाट पक्राउ गरेको थियो। पक्राउपछि स्वास्थ्यमा जटिलता देखिएसँगै उनी त्रिवि शिक्षण अस्पतालमा उपचाररत थिए।

यसैबीच, उनकी पत्नी राधिका शाक्यले गैरकानूनी रूपमा हिरासतमा राखिएको दाबी गर्दै सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गराएका थिए।

सो निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले चैत २३ गते बेलुका पूर्वप्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक माथिको अनुसन्धान चैत २६ गते बिहीबारभित्र टुंग्याउन आदेश दिएको थियो।

अदालतले तोकिएको समयसीमाभित्र अनुसन्धान पूरा हुन नसके शर्तसहित रिहा गर्नसमेत आदेश दिएको थियो।

## चक्कु प्रहार गरी दाजुभाइको हत्या

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ चैत ।**

ललितपुर पाटनस्थित कृष्ण मन्दिर परिसरमा चक्कु प्रहार गरी दाजुभाइको हत्या भएको छ। चक्कु प्रहारबाट ३३ वर्षीय सुमित नेम्बाङ र उनका भाइ २६ वर्षीय सिर्जन नेम्बाङको हत्या भएको हो। उनीहरूलाई सञ्जीव नेपालीले चक्कु प्रहार गरेका हुन्।

चक्कु प्रहारबाट गम्भीर भएका उनीहरूलाई बीएन्डबी अस्पताल लगिएको थियो। उनीहरूको उपचारकै क्रममा निधन भएको ललितपुरका प्रहरी प्रमुख एसएसपी होविन्द्र बोगटीले जानकारी दिए। चक्कु प्रहार गर्ने २ जनालाई प्रहरीले भाग्दै गरेको अवस्थामा पक्राउ गरिसकेको छ।

बुधबार साँझ नेम्बाङ दाजुभाइले फोन गर्दा सञ्जीवको मोबाइलमा पर्यो। उनीहरू एकापसमा अपरिचित समेत हुन्। नचिनेको नम्बरबाट फोन आएपछि केहीबेर कुरा भएको र सोही क्रममा भनाभन भयो। फोनमै विवाद बढ्दै जाँदा सञ्जीवले नेम्बाङ दाजुभाइलाई नै पाटन आउन भने। त्यसपछि इमाडोल बस्ने दाजुभाइ पाटन पुग्छन्। सोही क्रममा मासु पसलमा काम गर्ने सञ्जीव मासु काट्न प्रयोग हुने हतियार लिएर आएर प्रहार गर्छन्।

## अभद्र व्यवहार मुद्दामा दुई जना पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले अभद्र व्यवहार मुद्दामा दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको महदेवा गाउँपालिका वडा नं. ६ का २८ बर्षीय ललटु यादव र राजबिराज नगरपालिका वडा नं. १० का २५ बर्षीय ओम कुमार मंडल छन्।

पक्राउ परेका यादवले सोमबार साँझ महादेवा ६ स्थित सार्वजनिक सडक बाटोमा हरी नारायण यादवलाई अपशब्द भाषा प्रयोग गरी गाली गलौज गर्नुका साथै बाँसको फट्टा, लाटी बक्सिङ समेतले कुटपिट गरी अभद्र व्यवहार गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

यस्तै मंगलबार साँझ राजबिराज ७ स्थित बजारमा मंडल शंकित अवस्थामा फेला परेको र नियन्त्रणमा लिन खोज्दा प्रहरीलाई गाली गलौज गरी डिउटीमा बाँधा पुर्‍याएकोले नियन्त्रणमा लिई दुबै जनालाई अभद्र व्यवहार कसुरमा सप्तरी जिल्ला अदालत म्याद थप गरी अनुसन्धान थालिएको उनले बताए।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः**

विद्युतीय उपकरण (मोवाइल, ट्याव, ल्यापटप) आदिको अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हटिया व्यवस्थित हुनु अगावै पुनः अतिक्रमित

राजविराज हटियालाई व्यवस्थित गर्ने उद्देश्यले लामो समयदेखी आधुनिक भवन बनाईदै छ। तर विगत सात वर्षदेखी निर्माणाधिन अवस्थामा रहेको हटिया क्षेत्र अहिले निर्माण हुनु अगावै अतिक्रमित हादै गएको छ। जसकारण हटिया पुनः पुरानै अवस्थामा पुगेको छ। लामो समयपछी हटिया अतिक्रमणमुक्त भएपनि अहिले स्थानीय व्यापारीहरुले निर्माण भएका नालामाथी नै आफ्नो पसल थापेका छन्। जसले गर्दा हिडडुल गर्न कठिनाई भएको छ।

दशकौंदेखी हटिया क्षेत्रमा बसोवास गर्दै आइरहेका घरधनीले आफ्नो जग्गा बाहेक १० फिट थप जमिनमा अस्थायी घर, टहरा, पसल निर्माण गरेर नगरपालिकाको जग्गा अतिक्रमण गरिरहेका थिए। सोही विषयलाई लिएर नगरपालिकामा वर्षौंदेखी जग्गा अतिक्रमण हटाउने विषयमा बहस सुरु भएपनि ठोस कदम चाल्न सकेको थिएन्। पुरानो संरचना हटाएर हटियामा नयाँ संरचना निर्माण कार्य भण्डै सम्पन्न हुने अवस्थामा पुनः पुरानै अवस्थामा अतिक्रमित भएको छ। अहिले स्थानीयले बनेका नाला तथा पेटीहरुलाई पुनः अतिक्रमण गरेपछी नगरपालिकाको लक्ष्य अधुरै रहन पुगेको छ।

हटियाको अतिक्रमण हटाएर नगरपालिकाले युद्ध जितेको जस्तो महसुस गरेपनी हाल देखिएका अतिक्रमणप्रति नगरपालिका मौन छ। तसर्थ यसका लागि आवश्यक रणनीति बनाएर सम्पूर्ण नगरवासीको सहयोगका साथ अगाडी बढ्नु आवश्यक पर्छ।

## 'टेलिकम प्याकेज' सकिएपछि पनि सेवा निरन्तरतासम्बन्धी सुविधा ग्राहक आफैँले छनोट गर्नसक्ने

काठमाडौं, २६ चैत (रासस)।

नेपाल टेलिकमले जिएसएम प्रिपेड तथा पोस्टपेडका ग्राहकहरूले प्याकेज खरिद गरेर वा नियमित शुल्क भुक्तानी गरी डेटा सुविधा प्रयोग गरिरहेकामा अब प्याकेज खरिद गरेका ग्राहकरुले आफैँले 'पे-जी' सुविधा सक्रिय वा निष्क्रिय गर्नसक्ने व्यवस्था गरेको छ।

प्याकेजमा आधारित विभिन्न सुविधा लिएका ग्राहकले प्याकेज समाप्ति पछि पनि सेवा निरन्तरता हुने वा सेवा बन्द हुने भन्नेसम्बन्धी छनोट गर्ने अवस्थालाई 'पे-जी' सुविधा भनिन्छ। अबदेखि ग्राहकले आफ्नो चाहनाअनुसार सो सुविधा सक्रिय वा निष्क्रिय पार्न सक्ने टेलिकमले जनाएको छ।

यसका लागि ग्राहकले आफ्नो मोबाइलबाट ८४४३ डायल गर्नुपर्नेछ। त्यसपछि ४ अङ्क छनोट गरे पछि यो सुविधा सक्रिय, निष्क्रिय गर्न र यसको अवस्था थाहा पाउन क्रमशः १, २ र ३ डायल गर्नुपर्नेछ।

प्याकेज खरिद गरेका ग्राहकले 'पे-जी' सुविधा निष्क्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि मुख्य ब्यालेन्सबाट डेटा चल्ने छैन। पे-जी सुविधा सक्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि पनि डेटा सेवा निरन्तर चल्नेछ। प्याकेज नलिई डेटा चलाउन आवश्यक भएका ग्राहकहरूले भने यो सुविधा सधैँ सक्रिय राख्नुपर्नेछ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सुधारात्मक कार्ययोजनाको बुँदा नम्बर ४ मा समेत सो सुविधा 'निष्क्रिय गर्ने विकल्प दिइने' भन्ने उल्लेख छ। मन्त्रालयको निर्देशनअनुसार पनि कम्पनीले उक्त सुविधा निष्क्रिय गर्ने विकल्प उपलब्ध गराइएको टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरले जानकारी दिनुभयो।

आगामी दिनमा नेपाल टेलिकम 'एप'बाट यो सेवा सक्रिया वा निष्क्रिय गर्न सकिने विकल्प क्रमशः उपलब्ध हुने कम्पनीले जनाएको छ।

प्रिपेड तथा पोष्टपेड ग्राहकले 'डेटा प्याकेज' लिएको अवस्थामा अब ९० प्रतिशत खपत भएपश्चात् एसएमएसबाट जानकारी पाउनेछन्। यसअघि 'डेटा भोल्युम' ८० प्रतिशत खपत भएको अवस्थामा, डेटा भोल्युम समाप्त भएपश्चात् वा डेटा प्याकेजको समयावधि समाप्त भएपश्चात् ग्राहकहरूलाई जानकारी दिन एसएमएस पठाउने सुविधा थियो।

यसअघि डेटा प्याकेजको भोल्युम वा समयावधि समाप्त भएपश्चात् ग्राहकहरूले डेटा सेवाको प्रयोग निरन्तर राखेमा 'मेन ब्यालेन्स'बाट डेटा चल्ने र चलेको भोल्युमअनुसार शुल्क काटिने व्यवस्था थियो। टेलिकमले प्रिपेड तथा पोस्टपेड ग्राहकको मागबमोजिम विभिन्न प्रकारका डेटा प्याकेज उपलब्ध गराउँदै आएको छ।

## दलित समुदायसँगको क्षमायाचनालाई संस्थागत सुधारसँग जोड्नुपर्छ : इन्सेक

काठमाडौं, २६ चैत (रासस)।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सरकारले दलित समुदायसँग गरेको क्षमायाचनालाई प्रतीकात्मक कार्यमा सीमित नराखी त्यसलाई नीतिगत, कानुनी तथा संस्थागत सुधारसँग जोड्नुपर्नेमा जोड दिएको छ।

इन्सेकले बुधबार विज्ञप्ति जारी गर्दै व्यावहारिक सुधार र स्रोत सुनिश्चितताका लागि विभेदको अन्त्य, समान अवसरको सुनिश्चितता, शिक्षा, स्वास्थ्य, रोजगारी र न्यायमा पहुँचका लागि स्पष्ट कार्ययोजना र बजेट सुनिश्चित गर्नुपर्नेमा जोड दिएको हो।

"जातीय भेदभाव विरुद्धका कार्यहरूलाई प्रभावकारी सम्बोधन गर्न जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गरी उजुरी दिने हदम्याद हालको तीन महिनाबाट बढाउनुपर्छ। जातीय भेदभावसम्बन्धी उजुरीहरू प्रहरीमा अनिवार्य रूपमा दर्ता हुने सुनिश्चित गर्नुपर्छ, यस्ता घटनामा निरन्तर अनुसन्धान, अभियोजन र दोषीलाई सजाय सुनिश्चित गर्नाका साथै पीडितलाई उचित उपचार र पूर्ण परिपूरणको व्यवस्था गर्नुपर्छ", विज्ञप्तिमा भनिएको छ।

यस्तै, सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ मा राखिएको आरक्षणको पुनरावलोकन गर्नुपर्ने पनि इन्सेकको भनाइ छ। "नेपालले सन् १९७१ मा सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ अनुमोदन गर्दा राखेका आरक्षणहरू र व्याख्यात्मक घोषणाहरू नेपालको संविधान, २०७२ को मर्मविपरीत छन्। महासन्धिको धारा, ४ को पूर्ण पालना र धारा ६ बमोजिम प्रभावकारी उपचार र परिपूरण सम्बन्धमा राखेको आरक्षण फिर्ता लिनुपर्छ। साथै धारा १४ बमोजिम नागरिकले जातीय विभेदविरुद्ध महासन्धिअन्तर्गतको

***बाँकी तीन पृष्ठमा***


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/१२/२४

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमावन्दी श्रेष्ता बमोजिम रैती नं. ५७ वाबुलाल गोपको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे मल्हनिया सा.कि.नं. १३२ ज.वि. ०-८-२ जग्गा रवि गोपको नाममा ७ नं. फाटवारीमा जि.स. पं. मल्हनिया सा.कि.नं.१३२ ज.वि. ०-८-२ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. मल्हनिया वार्ड नं.२ हाल बलान बिहुल गा.पा. वडा नं. १ बस्ने श्री लाल गोपको नाति रवि यादवको छोरा ध्यानी यादव-१ र देवली यादव-१ समेत २ को यस कार्यालयमा द.नं. १२०२९ मिति २०८१/११/११ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/१२/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १३२ | बाबुलाल गोप | मल्हनिया | २क | ३०४ | ०-२-१७.५ | ध्यानी यादव र देवली यादव समेत २ | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा मल्हनिया वार्ड नं. २ मा बस्ने रवि यादवको नम्बरी हो जनिएको। |



**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधुवा रोगले मधेस प्रदेशमा आँप उत्पादन घट्ने अनुमान

जनकपुरधाम, २६ चैत (रासस)। मधेस प्रदेश कृषि विकास निर्देशनालय जनकपुरधामले आँपको रुखमा मधुवारोग लागेको कारण आँप उत्पादनमा ह्रास आउने अनुमान गरेको छ। समयमा वर्षात् नभएको र हावाहुरीले पनि आँप उत्पादनमा ह्रास आउन सक्ने निर्देशनालयले जनाएको हो।

यस वर्ष मधेस प्रदेशमा आँपका रुखमा आँपको मजर अर्थात् फूल अत्यधिक लागेको थियो तर मधुवा रोगले समस्या उत्पन्न भएको हो। निर्देशनालयका अनुसार प्रदेशका आठवटै जिल्लामा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी उत्पादन हुने अनुमान गरिएको थियो। तर रोगले गर्दा सो अनुमान अनुसार उत्पादन नहुने अवस्था सिर्जना भएको निर्देशनालयका अधिकृत सन्दीप ठाकुरले बताउनुभयो।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार यस वर्ष मधेस प्रदेशका किसानले करिब ३० हजार ८०० हेक्टर क्षेत्रफलमा आँपखेती गरेका छन्। मौसम अनुकूल रहेमा प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन भई करिब ४० करोड रुपैयाँ बराबरको कारोबार हुने अनुमान छ।

मधेस प्रदेशका जिल्लामध्ये धनुषा, महोत्तरी, सिरहा र सप्तरी आँप उत्पादनका दृष्टिले अग्रणी मानिन्छन्। व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको यस प्रदेशले देशको कुल आँप उत्पादनको करिब ७६ प्रतिशत हिस्सा ओगट्ने गरेको छ।

गत आवमा मधेस प्रदेशका किसानले ३० हजार ६०० हेक्टर क्षेत्रफलमा आँपखेती गरेका थिए। त्यसबेला प्रदेशमा तीन लाख ९५ हजार ९६२ मेट्रिकटन आँप उत्पादन भएको थियो।

मधेसमा विशेषगरी मालदह, बम्बै, कलकत्तिया, आम्रपाली र दशहरी नकुअवा, केरवा, विजु, सिपिया लगायतका आँप खेती गरिएको छ।

नेपालमा विदेशी आँपको आयात पनि उल्लेख्य रहेको छ। प्लान्ट क्वारेन्टाइन कार्यालय भिट्ठामोडका प्रमुख किशोरकुमार यादवका अनुसार गत आवको फागुनदेखि चालु आवको कात्तिकसम्म भारतबाट भिट्ठामोड नाका हुँदै ३५९ मेट्रिकटन आँप नेपाल भित्रिएको थियो। जसको मूल्य करिब दुई करोड १५ लाख रूपैयाँ बराबर रहेको छ।

हाल देशभर करिब ५३ हजार हेक्टर क्षेत्रफलमा आँपखेती भइरहेको कृषि मन्त्रालयको तथ्याङ्क छ।

# पूर्वसभामुख महरासहित २८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, २६ चैत (रासस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाट इलेक्ट्रिक सिगरेट (भेप) भित्र अवैध सुन राखी सुन तस्करी गरेको प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महरासहित २८ जना विरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले महरासँगै विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार प्रशासक अरुण पोखरेल, प्रमुख भन्सार अधिकृत मुक्तिप्रसाद श्रेष्ठ, प्रमुख भन्सार अधिकृत अम्बिकाप्रसाद खनाल, भन्सार अधिकृतहरु रमेशकुमार खतिवडा र सुवेन्द्र श्रेष्ठ, नायब सुब्बाहरु सुवर्णप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोईराला, रेवन्त खड्का र मधुसुदन पोखेलविरुद्ध मुद्दा दायर गरेको हो।

सोही प्रकणमा 'राहुल' भन्ने रेशम महरा, निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दिपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, राम केशव थापा क्षेत्री, अमृत कार्की, निमा गुरुङ, प्रेरणा थापा, ललिता थापा, दिपिका थापा, चिनियाँ नागरिक ली हाङ सोङ र दाओजिङ बाङ, बेल्जियम नागरिक दावा छिरिङ र भारतीय नागरिक साहेब रावविरुद्ध मुद्दा दायर भएको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो।

आयोगले उहाँहरुविरुद्ध जनही सात करोड ७८ लाख ६८ हजार ९५ रुपैयाँ १० पैसा बिगो मागदावी गरेको छ।

# प्रहरीमा दर्ता जाहेरी तथा निवेदनको प्रगति अब 'फोन वा एसएमएस'बाटै

काठमाडौँ, २६ चैत (रासस)। तपाईंले प्रहरीमा कुनै गुनासा, उजुरी तथा जाहेरी दिएर त्यसको कार्यान्वयन कहाँसम्म पुग्यो भनी जानकारी लिन हैरानी झेल्नुभएको छ ? यदि त्यस्तो समस्यामा पर्नुभएको छ भने अब त्यस्ता समस्या बेहोरिरहनु पर्ने छैन। अब त्यो जानकारी तपाईंको मोबाइलमै आइपुग्ने छ।

नेपाल प्रहरीले अब मातहतका निकायमा प्राप्त भएका निवेदन, गुनासा तथा जाहेरीको प्रगतिबारे 'फोन वा एसएमएस'बाटै जानकारी दिने भएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले अब नागरिकका सेवा प्रभावकारी बनाउन फोन वा एसएमएसबाटै जानकारी दिने व्यवस्था सुरु गरिएको बताउनुभएको छ।

प्रहरी प्रधान कार्यालयले एक सूचनामार्फत भनेको छ, "मुद्दा दर्ता हुने प्रहरी एकाइहरूसम्म सेवाग्राहीबाट प्राप्त हुन आएका उजुरी, निवेदन, गुनासो, जाहेरी दरखास्त आदि दर्ता भएपश्चात् त्यसको प्रगति के भयो र के-कसरी कार्यान्वयन भइरहेको छ भनेर सम्बन्धित सेवाग्राहीहरूले दिनुभएको सम्पर्क नम्बरमा फोन गरेर वा एसएमएसमार्फत सूचना दिने व्यवस्था लागू गरिएको व्यहोरा जानकारी गराउँदछौं।"

यसरी जानकारी दिँदा सेवाग्राहीहरू प्रहरी कार्यालयमा आउनु नपर्ने भएकाले समयको बचत हुने प्रहरीको निष्कर्ष छ।

# दुई दिने बिदाले शैक्षिक क्यालेण्डरमा असर पार्नेमा नेसनल प्याब्सनको चिन्ता

काठमाडौँ, २६ चैत (रासस)। राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन)ले सरकारको दुई दिने सार्वजनिक बिदासम्बन्धी निर्णयले विद्यालय तहको शैक्षिक क्यालेण्डरमा दीर्घकालीन असर पार्ने जनाएको छ।

नेसनल प्याब्सनका अध्यक्ष गीता राणा क्षेत्री र महासचिव प्रतापबहादुर थापाले बिहीबार विज्ञप्ति जारी गर्दै थप बिदाका कारण निर्धारित पाठ्यक्रम तोकिएको समयमा सम्पन्न गर्न चुनौती उत्पन्न गरेको उल्लेख गर्नुभएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्ले यही चैत २२ गते गरेको निर्णयअनुसार पेट्रोलियम पदार्थको खपत घटाउन र वैदेशिक मुद्रा सञ्चिति जोगाउन हप्तामा शनिबार र आइतवार सार्वजनिक बिदा दिने तथा शैक्षिकसत्र वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय गरिएको थियो।

दैनिक ज्यालादारीमा आश्रित अभिभावकका लागि दुई दिने बिदा व्यवस्थापन गर्न कठिन हुने र यसले सामाजिक तथा आर्थिक असर पार्ने सो संस्थाको दावी छ। यी चुनौतीबीच सरकारको निर्णय कार्यान्वयन गर्दै आफ्ना विद्यालयलाई आग्रह गर्दै नेशनल प्याब्सनले नयाँ भर्ना वैशाख २ गतेदेखि र पठनपाठन सञ्चालन गर्न आग्रह गरेको छ। एक शैक्षिकसत्रमा कम्तीमा २२० दिन पठनपाठन कायम हुनुपर्ने शिक्षा नियमावलीमा व्यवस्था छ।

# विद्युत् प्राधिकरणले सहिद परिवारका थप आठ जनालाई रोजगार दिने

काठमाडौँ, २६ चैत (रासस)। नेपाल विद्युत् प्राधिकरणले जेनजी आन्दोलनका क्रममा सहिद भएका थप आठ परिवारका सदस्यलाई रोजगार दिने निर्णय गरेको छ।

प्राधिकरण सञ्चालक समितिका अध्यक्ष एवम् ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको अध्यक्षतामा बुधबार साँझ बसेको सञ्चालक समिति बैठकले थप आठ सहिद परिवारलाई रोजगार दिने निर्णय गरेको हो।

जेनजी आन्दोलनका घाइते व्यक्तिलाई राहत उपलब्ध गराउनेसम्बन्धी कार्यविधि २०८२ को बुँदा नम्बर ११ र नेपाल राजपत्र (खण्ड ७५, अतिरिक्ताङ्क ३२, कात्तिक १७ गते, २०८२ साल) मा भएको व्यवस्थाअनुसार छुट भएका आठ जना सहिद परिवारका सदस्यलाई रोजगारी दिने निर्णय भएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ।

प्राधिकरणले यसअघि २७ जना सहिद परिवारका सदस्यलाई रोजगारी दिने प्रक्रिया अगाडि बढाइसकेको छ। बुधबार थप भएका आठ सहिद परिवारमध्ये रोजित श्रेष्ठ (काठमाडौँ), अम्बिका विश्वकर्मा (उदयपुर), सुमित्रा महत (सिन्धुपाल्चोक), शीतल पौडेल (काठमाडौँ), मौसम कुलुङ (सङ्खुवासभा), पार्वती अधिकारी (सर्लाही), हेमन्ती विष्ट (बझाङ) र मञ्जु पौडेल (लमजुङ) हुनुहुन्छ।

# सार्वजनिक र मालवाहक सवारी साधनको भाडा समायोजन

काठमाडौँ, २६ चैत (रासस)। सरकारले सार्वजनिक सवारी र मालवाहक सवारीसाधनको भाडा समायोजन गर्न सहमति दिएको छ। इन्धनको मूल्य बढेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यातायात व्यवस्था विभागलाई सार्वजनिक यातायातको भाडा बढाउन सहमति दिएको हो।

इन्धनको मूल्य बढेसँगै पटकपटक नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले सार्वजनिक र मालवाहक सवारीसाधनको भाडा समायोजन गर्न माग गर्दै आएको थियो।

यातायात व्यवस्था विभागका सूचना अधिकारी गणेशमान सिंह राईले भाडा समायोजनका विषयमा मन्त्रालयबाट स्वीकृत प्राप्त भएकाले सहमतिका आधारमा भाडा समायोजन गरिएको बताउनुभयो। विभागले विभिन्न १३ सूचकलाई आधार मानेर भाडा बढाएको हो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले महासङ्घको अनुरोधमा बुधबार सरकारले सार्वजनिक र मालवाहक सवारी साधनको भाडा समायोजन गरेको जानकारी दिनुभयो।

सरकारले यात्रुवाहक सवारीको १६.७१ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारी साधनका लागि २१.६८ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने सवारी साधनको १५.७५ प्रतिशत भाडा समायोजन गरेको वरिष्ठ उपाध्यक्ष सिटौलाको भनाइ छ। नयाँ भाडादर कार्यान्वयनमा आएसँगै सर्वसाधारणको दैनिक यात्रा र उपभोग्य वस्तुको मूल्यमा प्रभाव पर्न सक्ने देखिएको छ।

# दुवै सदनको अधिवेशन शुक्रबार रातिदेखि अन्त्य हुने

काठमाडौँ, २६ चैत (रासस)। राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसदको दुवै सदनको चालु अधिवेशन चैत २७ गते शुक्रबार राति १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्ने निर्णय गर्नुभएको छ।

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को यही चैत २४ गतेको निर्णय र सिफारिसमा अधिवेशन अन्त्य गर्ने निर्णय गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ। यही चैत १९ गतेदेखि दुवै सदनको अधिवेशन प्रारम्भ भएको थियो।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*